# जिल्ला समन्वय समितिको कार्यालय
## धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

**कोशी प्रदेश, नेपाल**

मिति :२०८१/१२/०८

प.सं : २०८१/८२
च.नं. : 203

विषय : प्रतिवेदन पठाइएको ।

श्री जिल्ला प्रहरी कार्यालय, धनकुटा ।
श्री सशष्त्र प्रहरी वल नेपाल, नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग, धनकुटा ।

प्रस्तुत विषयमा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, धनकुटाबाट मिति २०८१/११/१८ गतेका दिन यस जिल्लाको साँगुरीगढी गाउँपालिकास्थित लेउती खोलाबाट उत्खनन् भइरहेको ढुङ्गा, गिट्टी तथा बालुवाको स्थलगत अनुगमन प्रतिवेदन यसै पत्रासाथ संलग्न राखी पठाइएको छ । अनुगमन प्रतिवेदनबाट पेश गरिएका सुझावहरु कार्यान्वयन भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गर्नुका साथै ढुङ्गा, गिट्टी तथा वालुवाको अवैध निकासी रोक्ने कार्यमा आवश्यक सहयोग गर्नुहुन जिल्ला अनुगमन समितिको मिति २०८१/१२/१९ गतेको बैठकको निर्णयानुसार अनुरोध छ ।

(प्रविनहाङ योङहाङ)
नि. जिल्ला समन्वय अधिकारी
नि. जिल्ला समन्वय अधिकारी

# जिल्ला अनुगमन समितिद्धारा धनकुटा जिल्लामा संचालन रहेका ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यहरुको अनुगमन प्रतिबेदन



लेउती खोला, साँगुरीगढी गाउपालिका

# जिल्ला अनुगमन समितिद्वारा धनकुटा जिल्लामा संचालन रहेका ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यहरुको अनुगमन प्रतिबेदन

## १. परिचय :

जनतालाई सरकारको आभास दिलाउने विधि, साधन वा पद्धतिका रुपमा स्थानीय स्तरमा सञ्चालन हुने योजना तथा कार्यक्रम रहेका हुन्छन्। सरकारले जनताको जीवनस्तर सुधार्दै देशको सर्वाङ्गीण तथा सन्तुलित विकासका लागि आफ्नो क्षमता अनुसार उपलब्ध स्रोत साधनको न्यायोचित बितरण गर्दै विकासका नीति, कार्यक्रम तथा योजनाहरु सञ्चालनका लागि लगानी गरेको हुन्छ। उक्त लगानीको प्रतिफल र त्यसको प्रभाव बारेमा जानकारी लिने विधिका रुपमा अनुगमन रहेको हुन्छ। योजना नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भए नभएको र कार्यतालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भए नभएको भनि बिभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ। विकास योजना नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मुल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ।

नेपालको संविधान २०७२, दफा २२० को उपदफा ७ मा रहेको जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारभित्र विकास निर्माण समबन्धि कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने भन्ने व्यवस्थ रहेको छ ।

यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९२ मा जिल्ला सभाले आफ्नो अधिकार क्षेत्रका विषयमा आवश्यक वार्षिक कार्यक्रम तथा बजेट बनाई जिल्ला सभाबाट पारित गरी लागु गर्नुपर्ने र जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित बिकास निर्माण सम्बन्धि कार्यक्रमको बिवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका बिभिन्न चरणमा अनुगमन गर्ने भन्ने व्यवस्था रहेको छ ।

यसका साथै ढुंगा गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७ को दफा ९ बमोजिम गठित जिल्ला अनुगमन समितिले नदिजन्य सामग्रीको व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन् वा संकलनकर्तालाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको हुँदा मिति २०८१/११/१२ गतेका दिन सो जिल्ला अनुगमन समिति सदस्य मनोनयन गरी यस धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिकास्थित लेउती खोलाको बिभिन्न बगर क्षेत्रबाट ढुंगा,गिट्टी तथा बालुवा उत्खनन् भइरहेको कार्यको मिति २०८१/११/१८ गते स्थलगत अनुगमन गर्ने निर्णय भए अनुरुप अनुगमन गरि यो प्रतिवेदन तयार पारिएको हो ।

## २. अनुगमनको उद्देश्य :

यस अनुगमन कार्यक्रमको उद्धेश्य देहाय बमोजिमको रहेका छन्।

- नदिजन्य पदार्थहरुको अव्यवस्थित तथा अत्यधिक दोहन हुनबाट रोकी सोको बैज्ञानिक तथा दिगो उपयोग सुनिश्चित गर्न ।
- अव्यवस्थित उत्खननले नदीको वहाव, तटबन्ध, र भौगोलिक बनावटमा पर्ने असरलाई नियन्त्रण गर्न।
- उत्खननका कारण स्थानीय वस्ती, खेती योग्य जमिन, पुल, बाटोघाटो, तथा अन्य पूर्वाधारमा असर नपरोस भनी निगरानी गर्न ।
- वातावरणीय प्रभाव न्युनिकरणका लागि स्वीकृत कार्यहरुको संचालनको अवस्थाको बारेमा जानकारी लिन ।
- उत्खनन कार्य कानुनी प्रावधान तथा सरकारी मापदण्डअनुसार सञ्चालन भईरहेको छ/छैन भन्ने यकिन गर्न।
- सो उत्खनन् कार्यमा रहेका समस्या, चुनौतीहरुको टिपोट गर्न र समाधानका उपायहरु सम्बन्धि सुझाव पेश गर्न ।
- उत्खननबाट संकलित ढुंगा, गिट्टी तथा बालुवाबाट स्थानीय सरकारले पाउने राजस्व सुनिश्चित गर्दै अनाधिकृत व्यापार रोक्न।

## ३. अनुगमनको ढाँचा एवम् विधि :

योजना तथा कार्यक्रमको कार्यान्वयनको चरण तथा सम्पन्न भईसकेपछि पनि योजनाको प्रगती विवरणका आधारमा अनुगमन गर्ने गरिन्छ। सो उत्खनन् कार्य कार्यान्वयनको क्रममा आईपरेका समस्यावारेमा जानकारी लिने, प्रभावकारीता मापनका लागि जनप्रतिनिधि, निर्माण व्यवसायी तथा लाभग्राही वर्गको धारणावारे जानकारी लिने, मर्मत सम्भार तथा व्यवस्थापनको सम्बन्धमा सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गर्नु पर्दछ। यसरी अनुगमन गर्दा विभिन्न ढाँचा एवम् विधिहरूको प्रयोग गरिन्छ। यस धनकुटा जिल्लामा सञ्चालन गरेको सो लेउती खोलाको उत्खनन्/संकलन कार्यको अनुगमन गर्नका लागि निम्न बमोजिमका अनुगमनका विधि र प्रक्रियाहरु अपानाईएको थियो।

(क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन,

(ख) आयोजनासँग सम्वन्धित निर्माण व्यवसायी, स्थानीय, जनप्रतिनिधि, प्राविधिक तथा अन्य सरोकारवालासँग छलफल र अन्तरक्रिया,

(ग) स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका पदाधिकारीहरु लगायतका अगुवाहरुसँग अन्तरक्रिया,

(घ) लाभग्राहीसँगको अन्तरक्रिया र छलफल

## ४. अनुगमन मिति :

यस अनुगमन कार्यक्रम मिति २०८१ साल फाल्गुण १८ गते संचालन भएको थियो ।

## ५. जिल्ला अनुगमन समितिका सदस्यहरुको विवरण :

- श्री निरेन तामांग, प्रमुख, जि.स.स.-संयोजक
- श्री जितेन्द्र राई, अध्यक्ष, साँगुरीगढी गाउँपालिका-सदस्य
- श्री टुवराज पोखरेल, प्र.जि.अ.,धनकुटा-सदस्य
- श्री श्यामसिंह चौधरी, प्र.उ., जिल्ला प्रहरी कार्यालय,धनकुटा-सदस्य
- श्री मदन नाथ ,प्र.ना.उ.,सशस्त्र प्रहरी बल,छिन्ताङ गुल्म,धनकुटा-सदस्य
- श्री अमृत विलास पन्त, वन अधिकृत, डिभिजन बन कार्यालय,धनकुटा-सदस्य
- श्री विवेक काफ्ले,इन्जिनियर,जि.स.स.,धनकुटा-सदस्य
- श्री प्रविनहांङ योङहाङ, नि.जि.स.अ.,जि.स.स. धनकुटा-सदस्य सचिव

## ६. अनुगमन गरिएको योजनाको विवरण र अवस्था :

**लेउती खोलाको विभिन्न बगर क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्, संकलन तथा बिक्री कार्य**

- **योजना स्थल/ठेगाना:** साँगुरीगढी गाउँपालिकास्थित लेउती खोलाको विभिन्न बगर क्षेत्र
- **प्रस्तावक कार्यालय:** साँगुरीगढी गाउँपालिका
- **प्रभावित गाउँपालिका/वडा** : साँगुरीगढी गाउँपालिका, वडा नं. १,४,६ र ७

- योजनाको सामान्य पृष्ठभुमी

  - साँगुरीगढी गाउँपालिकास्थित वडा नं. १,४,६र ७ हुदै बग्ने लेउती खोलाले प्रस्तावित बगर छेत्रमा ढुंगा, गिट्टी, बालुवा लगायत नदिजन्य सामग्री जम्मा गर्नेगरेको देखिएकोले खोलाको वहाब फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ | साथसाथै यी थुपारिएका सामग्री निर्माण कार्यमा ज्यादै उपयोगी हुने गर्दछ | साँगुरीगढी गाउँपालिकाले यी सामग्रीको दिगो एवं बातावरणमैत्री संकलन तथा उत्खनन् गर्ने योजना बनाएसंगै स्थानीय रुपमै निर्माण सामग्री उपलब्ध तथा प्रकोप न्यूनीकरण हुने देखिन्छ | यसबाट गाउँपालिकालाई राजस्व संकलन गर्नमा सघाउ पुग्ने र गाउँपालिकाको आय स्रोतमा पनि वृद्धि हुने देखिन्छ |

    सो योजना प्रस्तावअनुरुप अधिकतम दैनिक १०० देखि ३०० घ.मि. सम्म मात्र खोलाले थुपारेको ढुंगा गिट्टी र बालुवा निकालिने र खोला क्षेत्र संरक्षित् राष्ट्रिय निकुन्ज तथा तिनका मध्यवर्ती क्षेत्र तथा उच्च हिमाली क्षेत्रमा नपर्ने हुँदा प्रारम्भिक बातावरण परिक्षण गरिएको पाइयो | सो प्रतिबेदन ANM Consultants Pvt. Ltd., मध्यपुर् ठिमी -३ भक्तपुरद्वारा तयार गरिएको र २०८१ असार मा स्वीकृत भई आगामी २ वर्षसम्म उक्त प्रतिबेदन वैधानिक रहने पाइयो |

| | |
|---|---|
| संकलन /उत्खनन् क्षेत्र | लेउती खोलाको तमोर मुलघाट क्षेत्र, लाबरबोटे क्षेत्र, खराने खोला, फेदी, घन्टे, फलामेटार र सिम्सुवा क्षेत्र गरि कुल १६ स्थान बाट |
| संकलत/उत्खनन् विधि | हाते औजार प्रयोग गरेर आसपासका बस्ति तथा स्थानीय मजदुरहरुबाट उत्खनन गरिने |
| संकलत /उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेशीनरी | संकलत /उत्खनन् कार्यका लागि हाते औजार जस्तै गल,गैति,कोदालो,खन्ती,बेल्चा आदी प्रयोग गरेर गरिने छ । |
| दैनिक/बार्षिक संकलन /उत्खनन् को परिमाण | दैनिकी २८१.६७ घ.मि.<br>बार्षिक ७७४६१ घ.मि. |

प्रतिबेदन मा कुल स्वीकृत नदिजन्य परिमाण ७७,४६१ घ.मि. (२७,३५,५०९.४ घ.फि.) उल्लेख भएता पनि यस आ.ब. ०८१/८२ को लागि भने

ढुंगा र गिट्टी ४,७८,१२२ घ.फि. र बालुवा ६,८२,२०१ घ.फि. को मात्र ठेक्का बन्दोबस्त गर्ने गरी कुल ल.ई. रु. ८०,००,०६० |- (भ्याट बाहेक), ठेक्का नं. SRM/NCB/राजस्व/०९२/०८०/८१ को सूचना बमोजिम झमुतारा पापोहांग निर्माण सेवा, साँगुरीगढी -१ धनकुटाले पेश गरेको बोलपत्र बमोजिम कबोल रकम रु. ८०,७५,०६० (भ्याट बाहेक) मा मिति २०८१/०६/२३ को दिन साँगुरीगढी गा.पा. संग सम्झौता गरेको पाइयो | सो सम्झौता २०८२ साल जेष्ठ मसान्तसम्मका लागि कार्यन्वयन हुने देखियो |

- अनुगमन गर्दा देखिएको अवस्था
  - उत्खनन्को कार्य तोकिएको क्षेत्रमा धमाधम चालु अवस्थामा रहेको पाईएको
  - उत्खनन् कार्यका लागि हाते औजारहरूको प्रयोग गरी मजदुरहरुबाट गरिएको
  - उत्खनन् पुर्व बाध बनाई खोलामा बग्ने पानीलाई एकछेउबाट बग्ने साइड-ड्रेनको व्यवस्था गरिएको
  - नदिजन्य पदार्थ ढुवानीको निम्ति प्रयोग भएका साधनहरुले नदि प्रवेश पटके आदेश नलिने गरेको पाइएको
  - खोला किनार छेउका केहि साना स्थानहरुमा उत्खनन् गरी छोडेको देखिएको
  - दैनिक उत्खनन् अभिलेख नराखिएको, मासिक रुपमा मात्र अभिलेख रहेको
  - दैनिक उत्खनन् गर्न स्वीकृत मात्राको सीमाभित्र रहेतापनि उत्खनन् गर्नुपुर्व प्राविधिकबाट रेखांकन गरी संकलन क्षेत्र निर्धारण नभएको

- प्रमुख उपलब्धिहरु :
  - पूर्व सूचना गरी अनुगमन गरिएकाले सम्वन्धित निर्माण व्यवसायी, कर्मचारी, जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरुसंग छलफल र पृष्ठपोषण गर्न सहज भएको
  - उत्खनन् कार्य चलिरहदा स्थलगत अनुगमनबाट थप जोखिमपूर्ण स्थानहरुको पहिचान गर्न मद्दत पुगेको
  - स्थलगत सो कार्यमा खटिएका मजदुरहरुसंग सोधपुछ गरीहेर्दा दैनिक रुपमा उत्खनन् भैरहेको नदिजन्य पदार्थको अनुमानित मात्राको जानकारी भएको

- योजना सञ्चालनका क्रममा देखिएका समस्याहरु
  - अनाधिकृत रुपमा सो उत्खनन् कार्यमा स्वीकृत बाहेकका अन्य ढुवानी साधनहरुले रातको समयमा नदिजन्य पदार्थ चोरी गर्ने गरेको
  - बर्षातको समयमा उत्खनन् कार्य संचालन गर्न समस्या हुने देखिएको

- सुधारका उपाय र सुझाव


- उत्खनन् गर्नुपुर्व ढुंगा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७ को दफा ७ को उपदफा १ बमोजिम संकलन क्षेत्रको रेखांकन तथा लाईन लेभल सम्वन्धित प्राविधिकबाट यकिन गराएर मात्र कार्य सुरु गर्नुपर्ने
- केहि स्थानहरुमा मापदण्डले निषेधित गरिएको क्षेत्रमा उत्खनन् कार्य भैरहेको तर विपदको दृष्टिकोणले नदीले थुपारिएका नदिजन्य पदार्थहरु हटाउनुपर्ने देखिएकोले मापदण्डको दफा-३ को उपदफा-१ खण्ड ख बमोजिम जोखिम न्यूनीकरणका निम्ति बिपद् व्यवस्थापन समितिको सिफारिस लिएर पहिचान गरिएका केहि आवश्यक क्षेत्रहरुबाट संकलनको कार्य गर्नुपर्ने
- खोलाको बहाबलाई किनारतर्फ जान/हानिन नदिन सकेसम्म खोला चौडाईको मध्य एक-तिहाइ क्षेत्रमा मात्र उत्खनन् गर्नुपर्ने
- अध्ययनले तोकेको अधिकतम् गहिराईलाई ननाघी उत्खनन् कार्य गर्नुपर्ने
- ढुवानी गर्ने साधनहरुलाई ढुंगा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७ को अनुसूची -३ बमोजिम पटके प्रवेश आदेश लिएर मात्र खोला छिर्ने व्यवस्था गर्नुपर्ने
- निर्माण व्यवसायीले नदिजन्य पदार्थको निकासी सम्वन्धमा ढुंगा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,२०७७ को अनुसूची ४-क र ४-ख बमोजिम दैनिक उत्खनन् र पटके बिक्री अभिलेख अनिवार्य राख्नुपर्ने र सोको कार्यन्वयन भएको नभएको सम्वन्धमा पालिकाबाट नियमित अनुगमन गर्नुपर्ने
- किनारछेउ उत्खनन् गरिएका क्षेत्रलाई पुनर्स्थापना गरी सडक तथा बाधलाई जोखिममुक्त गर्नुपर्ने
- उत्खनन् कार्य सन्चालन भैरहेको अवस्था र सकिएपश्चात विपद/जोखिम न्यूनीकरण तथा वातावरणीय प्रभाव न्युनीकरणका निम्ति प्रारम्भिक वातावरणीय प्रतिवेदनले सुझाएका आवस्यक कार्यक्रम तथा उपायहरु गाउँपालिकाले अवलम्बन गर्नुपर्ने

## ७. अनुगमन कार्यक्रमको चेकलिस्ट :

अनुगमन टोलीले अनुगमन कार्यका लागि ढुंगा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को अनुसूची-५ बमोजिमको देहायको ढाँचाको चेकलिस्ट तयार गरी अनुगमन कार्य गरेको थियो ।

८. अनुगमनका क्रममा लिईएका तस्विरहरु :













२०८१/११/२८